# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५ ] काठमाडौं आश्विन २४ गते २०१२ साल [ संख्या १०

### राज्यव्यवस्थाविभागको विज्ञप्ति

पत्रसंख्या ७०० दे. द. फुट ०१२।६।१६।१

जिल्ला गढी गौंडा गोस्वाराको बडाहाकिमहरूले बेकाइदा गरे जुनसुकै अवस्थामा पनि झिकिने सूचना भइरहेको र हालै मधेश पहाडका परिस्थिति बुझनलाई खटीभएका आयोगहरूले दिएका रिपोर्ट र स्थानीय जनताहरूको रायसमेत जाहेर भै ०१२।५।५।१ मा सरकारबाट निर्णय भएअनुसार निम्न लेखिएबमोजिम बडाहाकिमहरु सरुवा बढुवा खोसुवा नयाँ भर्नासमेत हुनुभएको छ ।

१. महोत्तरी सर्लाही गोस्वाराको बडाहाकिम श्रीसोमशमशेर ज. ब. रा. लाई खोसुवा गरी निजको खाली ठाउँमा धनकुटा गौंडाका बडाहाकिम श्रीरङ्गनाथ उपेती सरुवा ।

२. पाल्पा गौंडाका बडाहाकिम श्रीधीरबहादुरलाई धनकुटा गौंडाको बडाहाकिममा सरुवा ।



६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. धनकुटा गैंडामा सरी खाली भएको पाल्पा गौंडाका बडाहाकिममा थापाथली बस्ने श्रीलभशमशेर जं. ब. रा. नयाँ भर्ना ।

४. वीरगञ्ज गोस्वाराको बडाहाकिम श्रीजितेन्द्रबहादुर शाहलाई कलकत्तास्थित नेपाली कन्सल जनरलमा सरुवा भएकोले निजको खाली ठाउँमा राज्यव्यवस्थमा जगेडामा रहेका श्रीतारकबहादुर शाह सरुवा ।

५. पाल्ही माझखण्ड गोस्वाराको बडाहाकिम श्रीमेघनरसिंह प्रधानलाई खोसुवा गरी निजको खाली ठाउँमा भू.पू. राज्यमन्त्री श्रीनरबहादुर, गुरुङ् नयाँ भर्ना ।

६. सप्तरी गोस्वाराका बडाहाकिम श्रीश्यामशमशेर ज. ब. रा. लाई खोसुवा गरी निजको खाली ठाउँमा हाल वनविभागका का. मु. से. श्रीमिपटोजङ्ग राणा सरुवा ।

७. विराटनगर गोस्वाराको बडाहाकिम श्रीशेरबहादुर शाहीलाई खोसुवा गरी निजको खाली ठाउँमा ल. पु. कोपुन्डोल बस्ने श्रीनीरजङ्ग राणा नयाँ भर्ना ।

८. सि. तै. गो. का बडाहाकिम श्रीबहादुरलाई खोसुवा गरी निजको खाली ठाउँमा गुल्मी छो. गौं. का बडाहाकिम, श्रीकुञ्जबिहारीप्रसाद सरुवा बढुवा ।

९. सि. तै. गो. मा सरी खाली गु. छो. गौं. को बडहाकिम खालीमा कालधारा बस्ने श्रीडोरविक्रम शाह नयाँ भर्ना ।

१०. बा. ब गौं. का बडाहाकिम श्रीदेवीप्रसाद रिमाललाई खोसुवा गरी निजको खाली ठाउँमा पू. ३ नं. गो. का बडाहाकिम श्रीवद्रिविक्रम थापा सरुवा बढुवा ।

११. कै. कं. गो. का बडाहाकिम श्रीऋद्धिविक्रम राणालाई खोसुवा गरी निजको खाली ठाउँमा प. ४. नं. का बडाहाकिम श्रीमोहनबहादुर सरुवा बढुवा।

१२. पू. १ नं. गो. का बडाहाकिम श्रीधैर्यशमशेरलाई खोसुवा गरी निजको खाली ठाउँमा जुम्ला गौंडाको बडाहाकिम श्रीलोकजङ्गबहादुर सरुवा बढुवा

१३. इलाम गौंडाको बडाहाकिम श्रीशहदेबसिं पश्चिम ३ नं. गोस्वारामा सरुवा ।

आधिकारिकता मुद्रण 62 विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. इलाम गौंडाका बडाहाकिममा प. ३ नं. गो. का बडाहाकिम श्रीसीताराम पन्त सरुवा ।

१५. प. १ नं. गो. के बडाहाकिम कृष्णविक्रम राणालाई खोसुवा गरी निजको खाली ठाउँमा मकवानपुर मालका हाकिम श्री मी. सु. चक्रभक्त सरुवा बढुवा।

१६. डोटी गौंडाको बडाहाकिम श्री पूर्णसिंलाई खोसुवा गरी निजको खाली ठाउँमा प्यूठाना गौं. का बडाहाकिम श्री मनमोहन मिश्र सरुवा बढुवा।

१७ प्यूठाना गौं. का. बडाहाकिम सरुवा खालिमा पुलचोक बस्ने श्री शाहेबज्यू भुवनबिक्रम शाह नयाँ भर्ना।

१८. झापा गो. को बडाहाकिम श्री राजनारायण खोसुवा गरी निजको खालि ठाउँमा वा. छो. गौं. का. बडाहाकिम श्री फणिन्द्रप्रसाद आचार्य सरुवा बढुवा।

१९. वा. छो. गौं का बडाहाकिम स. खा. मा प. १ नं ज्यांरु बस्ने श्री रेशम-विक्रम शाह नयाँ भर्ना।

२०. दा. दे. गो. का बडाहाकिम श्री मेघप्रसादलाई खोसुवा गरी निजको खालि ठाउँमा बानेश्वर बस्ने श्री लोकजङ्ग राणा नयां भर्ना।

२१. पू. ३ नं. गो. का ब. हा. म. खा. मा. मेजर युद्धबहादुर बिष्ट पुलचोके सरुवा बढुवा।

२२. पू. २ नं गो. का ब. हा. श्री लक्ष्मणवंमल्ललाई खोसुवा गरी निजको खालि ठाउँमा धोबीचौर बस्ने क. प. लोकविक्रम राणा सरुवा बढुवा।

२३ पू. ४ नं गो. का. ब. हा. खालिमा क. प. कुलबहादुर शाही नयाँ भर्ना।

२४. उदयपुर गढीका ब. हा. श्री योगेश्वर मिश्रलाई खोसुवा गरी निजको खालि ठाउँमा माहाराजगञ्ज पानीपोखरी बस्ने श्री जनकनसिंम राणा नयाँ भर्ना।

२५. चि. गढीका ब. हा. श्री कृष्णप्रसाद उपाध्यायलाई खोसुवा गरी निजको खालि ठाउँमा बानेश्वर बस्ने क. प. खड्गबहादुर नयां भर्ना।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. प. २ नं गोस्वाराका व. हा. मकरबहादुरलाई खोसुवा गरी निजको खालि ठाउँमा श्री टेकराज पाण्डे नयां भर्ना।

२७. प. ४. नं गो. का बडाहाकिम स. खा. मा अड्डाजांचको हाकिम श्री उज्जवलबहादुर सरुवा बढुवा।

२८. सल्याना गौंडाका व. हा. श्री राम हरिहरलाई खोसुवा गरी निजको खालि ठाउँमा हनुमाननगर मालको हाकिम श्री गौरीप्रसाद सरुवा बढुवा।

२९. दैलेख गौंडाका बडाहाकिम श्री ढुण्डिराजलाई खोसुवा गरी निजको खालि ठाउँमा थापाथली बस्ने मे. क. गोपीशमशेर जं. ब. रा. सरुवा बढुवा।

३०. जुम्ला गौंडाका व. हा. स. खा. मा बैतडी गौंडाका बडाहाकिम श्री नारायणप्रसाद सरुवा।

३१. बैतडी गौंडाका व. हा. स. खा. मा श्री कीर्तिबहादुर विष्ट नयाँ भर्ना।

३२. डडेलधुराका व. हा. श्री भवानी शास्त्रीलाई खोसुवा गरी निजको खालि ठाउँमा धोबीचौर बस्ने श्री रत्नविक्रम राणा नयाँ भर्ना।

आज्ञाले—

माणिकलाल,

का. मु. सेक्रेटरी–राज्यव्यवस्था विभाग

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।